# भुम्लु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

सल्लेभुम्लु, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

## आर्थिक वर्ष २०८१/०८२ को
## प्रथम त्रैमासिकमा सम्पादित प्रमुख क्रियाकलापहरु
## (स्वतः प्रकाशन)

(सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको)

## १. निकायको स्वरुप र प्रकृति

बि.सं. २०७३ साल फागुन २३ गते साविकका सापिङ, सिम्थली, बेखसिम्ले, चौबास, सल्ले भुम्लु, कोलाँती भुम्लु, फलाटे, भुम्लुटार, ज्यामदी र दोलालघाट गा.वि.स. हरु मिलि यस भुम्लु गाउँपालिकाको नामाकरण गरी स्थानीय तहको रुपमा भुम्लु गाउँपालिकाको स्थापना गरिएको हो।

## २. निकायको काम, कर्तव्य र अधिकार

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, गाउँसभा सञ्चालन कार्यविधि, २०७४, गाउँपालिका (कार्यविभाजन) नियमावली, २०७४, गाउँपालिकाको (कार्यसम्पादन) नियमावली, २०७४, गाउँपालिकाको आर्थिक ऐन, २०८१, विनियोजन ऐन, २०८१ तथा अन्य प्रचलित कानून तोके अनुसार।

## ३. गाउँपालिकाबाट प्रदान गरिने सेवा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, र गाउँपालिका (कार्यविभाजन) नियमावली, २०७४ ले तोके अनुसार।

## ४. सेवा प्रदान गर्ने निकायको शाखागत जिम्मेवारी

आधिकारिक-सांगठनिक ढाँचा अनुसार शाखाहरुको जिम्मेवारी तोकिएको।

## ५. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

दस्तुर र अवधि नागरिक वडापत्रमा उल्लेख गरिएको साथै नागरिक वडा पत्र र दस्तुरको विस्तृत विवरण वेबसाइटमा पनि राखिएको।

## ६. निर्णय गर्ने प्रक्रिया र अधिकारी

- वार्षिक विकास योजना/बजेट गाउँसभाले स्वीकृत गर्ने गरेको
- अन्य निर्णयहरु गाउँ कार्यपालिकाले गर्ने गरेको
- अन्य नियमित कामहरु शाखा प्रमुखको सिफारिसमा अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतबाट निर्णय भए अनुसार हुने।

## ७. निर्णय उपर उजुरी सुन्ने अधिकारी

- अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत

## ८. गाउँपालिका शाखा/इकाई र जिम्मेवार अधिकारी एवं सम्बन्धित शाखा प्रमुख

भुम्लु गाउँपालिकाको कार्यक्षेत्र भित्र समाहित भएका विभिन्न क्रियाकलापहरु सञ्चालन गर्न गाउँपालिकामा देहाय बमोजिम शाखा/इकाईहरुको व्यवस्था गरिएको छ।

| क्र.सं. | शाखा/इकाई/कार्यक्रम | जिम्मेवार अधिकारीको पद | जिम्मेवार अधिकारीको नाम |
|---|---|---|---|
| १. | कार्यालय प्रमुख | प्रमुख प्रशासकीय अधिकृत | सुदर्शन भट्टराई |

| | | | |
|---|---|---|---|
| २. | शिक्षा, युवा तथा खेलकुद शाखा | शिक्षा अधिकृत | कृष्ण बहादुर खत्री |
| ३. | आर्थिक प्रशासन शाखा | लेखापाल | विक्रम बस्नेत |
| ४. | स्वास्थ्य शाखा | सि.अ.हे.व. अधिकृत | बालकृष्ण गौतम |
| ५. | प्रशासन/योजना पशु विकास शाखा | अधिकृत छैठौं | विजय कुमार थापा |
| ६. | सूचना प्रविधि शाखा | सूचना प्रविधि अधिकृत | यज्न कुमार बस्नेत |
| ७. | पूर्वाधार विकास शाखा | सब-इन्जिनियर | धन बहादुर बयक |
| ८. | प्रधानमन्त्री रोजगार कार्यक्रम | रोजगार संयोजक | सन्तोष अधिकारी |
| ९. | सामाजिक विकास शाखा | अधिकृत छैठौं | माधव राउल |
| १०. | आन्तरिक लेखा परिक्षण इकाई | आ.ले.प. | प्रकाश रावल |
| ११. | कानूनी मामिला इकाई | न्यायिक सहजकर्ता | राजु लामा |
| १२. | कृषि शाखा | प्राविधिक सहायक | प्रेम रावत |
| १३. | उद्यम विकास शाखा | उद्यम विकास सहजकर्ता | खडग बहादुर थापा |
| १४. | पञ्जिकरण इकाई | MIS अपरेटर | साजन शर्मा |
| १५. | राजश्व शाखा | आ.ले.प. | प्रकाश रावल |

## ९. गाउँपालिका अन्तर्गतका वडा कार्यालयमा कार्यरत कर्मचारीको विवरण

| क्र.सं. | वडा नं. | सचिवको नाम | पद |
|---|---|---|---|
| १. | १ — सापिङ | प्रमोद कुमार पन्त | सहायकस्तर पाँचौ |
| २. | २ — सिम्थली | दिपेन्द्र बस्नेत | रोजगार सहायक |
| ३. | ३ — बेखसिम्ले | बालकृष्ण के.सी. | ना.प.से.प्रा. चौथो |
| ४. | ४ — चौबास | राजेश पाण्डे | ना.प्रा.स. चौथो |
| ५. | ५ — सल्ले भुम्लु | मोहनलाल सापकोटा | ना.प्रा.स. चौथो |
| ६. | ६ — कोलाँती | मनोज चौलागाई | अ.सब-इन्जिनियर |
| ७. | ७ — फलाँटे | राम प्रसाद बडाल | खा.पा.स.टे. पाँचौ |
| ८. | ८ — भुम्लुटार | रमेशराज उप्रेती | सहायकस्तर पाँचौ |
| ९. | ९ — ज्याम्दी | शुशिल लामिछाने | सहायकस्तर चौथो |
| १०. | १० — दोलालघाट | लोक बहादुर कुँवर | सहायकस्तर पाँचौ |

## १०. अध्यक्ष, उपाध्यक्ष, प्रवक्ता, प्रमुख प्रशासकीय अधिकृत र सूचना अधिकारीको नाम र पदः

- अध्यक्षः प्रेम बहादुर भुजेल
- उपाध्यक्षः जितेन्द्रमान तामाङ
- प्रवक्ताः लोक बहादुर कुँवर
- प्रमुख प्रशासकीय अधिकृतः सुदर्शन भट्टराई
- सूचना अधिकारीः अमर कुमार श्रीवास्तव

## ११. सम्पादन गरेको मुख्य मुख्य कामको विवरणः

- आ.व.२०८१/०८२ को पहिलो त्रैमासिकमा ६ पटक कार्यपालिकाका बैठक सम्पन्न भएका छन्।
- गाउँ कार्यपालिकाको बैठकबाट विभिन्न कार्यविधि, ऐन तथा नियमावली पारित भएका छन्।
- कार्यपालिकाको निर्णय गाउँपालिकाको वेबसाइटमा राख्ने गरिएको।
- गाउँपालिकाबाट सूचना प्रवाहको लागि वेव एस.एम.एस. सुचारु गरिएको।
- विभिन्न महत्वपूर्ण सूचना तथा जानकारी गाउँपालिकाको वेबसाइट तथा फेसबुक पेज मार्फत सूचना प्रकाशन गरिएको।

**आर्थिक वर्ष २०८१/०८२ को प्रथम त्रैमासिकमा विषय क्षेत्रगत रुपमा सम्पन्न योजना तथा कार्यक्रमहरुको प्रगति विवरण देहाय बमोजिम रहेको छ।**

**<u>आन्तरिक राजश्व शाखा</u>**

भुम्लु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, काभ्रेपलाञ्चोक
कार्यालयको कोड : ८०३२६५०५३००

राजस्व शीर्षक अनुसार संकलन

आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१-२०८१/०७/०५

| क्र.सं. | राजस्व संकेत | राजस्व शीर्षक | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ११३१३ | सम्पती कर | ६,९०३.०० | |
| २ | ११३१४ | भुमिकर/मालपोत | २,४२,९२८.२० | |
| ३ | ११३१७ | वहाल कर | १,३८,२४९.४८ | |
| ४ | ११३१८ | वहाल विटौरी कर | १,९७,३३५.०० | |
| ५ | ११४५२ | पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | १०,०८,२३०.०० | |
| ६ | ११६९१ | अन्य कर | १,२००.०० | |
| ७ | १४१५१ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ३,९४,२००.०० | |
| ८ | १४२१२ | सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम | १३,०५५.०० | |
| ९ | १४२२४ | परीक्षा शुल्क | १०,५००.०० | |
| १० | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ४७,०००.०० | |
| ११ | १४२४३ | सिफारिश दस्तुर | १,२४,४००.०० | |
| १२ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ८३,२००.०० | |
| १३ | १४२४५ | नाता प्रमाणित दस्तुर | १८,१००.०० | |
| १४ | १४२४९ | अन्य दस्तुर | ४३,३७४.०० | |
| १५ | १४२६२ | विद्युत सम्बन्धी दस्तुर | २००.०० | |
| १६ | १४२६५ | अन्य क्षेत्रको आय | २,८००.०० | |
| १७ | १४५२९ | अन्य राजस्व | ६२,८३५.०० | |
| १८ | १४६११ | व्यवसाय कर | ४४,७००.०० | |
| १९ | १५१११ | बेरूजू | १,७७,३७८.०० | |
| २० | ३३३४३ | विज्ञापन कर | ७९,२००.०० | |
| २१ | ३३३६६ | दहत्तर बहत्तर शुल्क | २,२२,८७,५८९.०० | |
| | | जम्मा | २,४९,८३,३७६.६८ | |

## लेखा शाखा

, 12:41 PM

SuTRA::

**भुम्लु गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, काभ्रेपलाञ्चोक**
**कार्यालयको कोड : ८०३२६५०५३००**

**आय व्ययको बिबरण**

आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१-२०८१/०६/३०

**आय**

| शीर्षक | प्रस्तावित आय | वास्तविक आय | आम्दानी(%) | मौज्दात |
|---|---|---|---|---|
| संघीय सरकार | ३२,४३,४५,०००.०० | ७,८५,८६,२५०.०० | २४.२३ | २४,५७,५८,७५०.०० |
| १३३११ समानिकरण अनुदान | ८,१२,००,०००.०० | २,०३,००,०००.०० | २५ | ६,०९,००,०००.०० |
| १३३१२ शसर्त अनुदान चालु | २१,९४,४५,०००.०० | ५,२३,६१,२५०.०० | २३.८६ | १६,७०,८३,७५०.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | १,८२,००,०००.०० | ४५,५०,०००.०० | २५ | १,३६,५०,०००.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | ५५,००,०००.०० | १३,७५,०००.०० | २५ | ४१,२५,०००.०० |
| प्रदेश सरकार | ४,३२,५९,०००.०० | १,०८,१४,७५०.०० | २५ | ३,२४,४४,२५०.०० |
| १३३११ समानिकरण अनुदान | ७५,६५,०००.०० | १८,९१,२५०.०० | २५ | ५६,७३,७५०.०० |
| १३३१२ शसर्त अनुदान चालु | १,००,३४,०००.०० | २५,०८,५००.०० | २५ | ७५,२५,५००.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | १,०१,६०,०००.०० | २५,४०,०००.०० | २५ | ७६,२०,०००.०० |
| १३३१५ विषेश अनुदान पुँजीगत | ५५,००,०००.०० | १३,७५,०००.०० | २५ | ४१,२५,०००.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | १,००,००,०००.०० | २५,००,०००.०० | २५ | ७५,००,०००.०० |
| राजस्व बाडफाड | २१,२८,२३,२७४.०० | २,२५,५२,८३४.८८ | १०.६ | १९,०२,७०,४३९.१२ |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ५,७८,०४,६००.०० | ७६,४६,४५८.६४ | १३.२३ | ५,०१,५८,१४१.३६ |
| ११४२१ बाँडफाँड भ्इ प्राप्त हुने अन्त:शुल्क | २,०९,९५,४००.०० | २५,५४,२४३.९२ | १२.१७ | १,८४,४१,१५६.०८ |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | २,०९,४०,४५०.०० | १६,६४,२३२.३२ | ७.९५ | १,९२,७६,२१७.६८ |
| ११४७२ बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | ४७,५२०.०० | ०.०० | ० | ४७,५२०.०० |
| १४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | ११,३०,३५,३०४.०० | १,०६,८७,९००.०० | ९.४६ | १०,२३,४७,४०४.०० |
| अन्तरिक श्रोत | १०,०६,६३,१३०.०० | ३,००,००,०००.०० | २९.८ | ७,०६,६३,१३०.०० |
| ११३१४ भुमिकर/मालपोत | ३५,००,०००.०० | ०.०० | ० | ३५,००,०००.०० |
| ११३१७ वहाल कर | १५,००,०००.०० | ०.०० | ० | १५,००,०००.०० |
| ११३१८ वहाल विटौरी कर | १२,००,०००.०० | ०.०० | ० | १२,००,०००.०० |
| ११४५२ पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ८०,००,०००.०० | ०.०० | ० | ८०,००,०००.०० |
| ११६९१ अन्य कर | ४,१०,०००.०० | ०.०० | ० | ४,१०,०००.०० |
| १४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ३०,००,०००.०० | ०.०० | ० | ३०,००,०००.०० |
| १४२१२ सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम | ८,००,०००.०० | ०.०० | ० | ८,००,०००.०० |
| १४२१३ अन्य बिक्रीबाट प्राप्त रकम | १०,०००.०० | ०.०० | ० | १०,०००.०० |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | १०,०००.०० | ०.०० | ० | १०,०००.०० |
| १४२२४ परीक्षा शुल्क | ५,००,०००.०० | ०.०० | ० | ५,००,०००.०० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | २०,००,०००.०० | ०.०० | ० | २०,००,०००.०० |
| १४२४२ नक्सापास दस्तुर | १०,०००.०० | ०.०० | ० | १०,०००.०० |
| १४२४३ सिफारिश दस्तुर | १२,००,०००.०० | ०.०० | ० | १२,००,०००.०० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | १५,००,०००.०० | ०.०० | ० | १५,००,०००.०० |
| १४२४५ नाता प्रमाणित दस्तुर | ५,००,०००.०० | ०.०० | ० | ५,००,०००.०० |
| १४२४९ अन्य दस्तुर | ५,००,०००.०० | ०.०० | ० | ५,००,०००.०० |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | १०,००,०००.०० | ०.०० | ० | १०,००,०००.०० |
| १४२६५ अन्य क्षेत्रको आय | १०,०००.०० | ०.०० | ० | १०,०००.०० |
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | १०,००,०००.०० | ०.०० | ० | १०,००,०००.०० |
| १४५२९ अन्य राजस्व | १०,१३,१३०.०० | ०.०० | ० | १०,१३,१३०.०० |
| १४६११ व्यवसाय कर | १५,००,०००.०० | ०.०० | ० | १५,००,०००.०० |
| १५१११ बेरूजू | १५,००,०००.०० | ०.०० | ० | १५,००,०००.०० |
| ३२१२२ बैंक मौज्दात | ७,००,००,०००.०० | ३,००,००,०००.०० | ४२.८६ | ४,००,००,०००.०० |
| जम्मा | ६८,१०,९०,४०४.०० | १४,१९,५३,८३४.८८ | २०.८४ | ५३,९१,३६,५६९.१२ |

10/21/24, 12:41 PM

SuTRA::

# भुम्लु गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, काभ्रेपलाञ्चोक
कार्यालयको कोड : ८०३२६५०५३००

### आय व्ययको बिबरण

| व्यय | | | | |
|---|---|---|---|---|
| शीर्षक | बार्षिक बजेट | खर्च | खर्च(%) | मौज्दात |
| चालु | ४९,०४,२४,७१६.०० | ८,८७,२९,०४०.३२ | १८.०९ | ४०,१६,९५,६७५.६८ |
| २११११ पारिश्रमिक कर्मचारी | २६,९८,८५,४२७.०० | ६,६७,९३,५०७.८१ | २४.७५ | २०,३०,९१,९१९.१९ |
| २१११२ पारिश्रमिक पदाधिकारी | ८०,००,०००.०० | ११,७२,०००.०० | १४.६५ | ६८,२८,०००.०० |
| २११२१ पोशाक | १२,६०,०००.०० | ०.०० | ० | १२,६०,०००.०० |
| २११२३ औषधीउपचार खर्च | ३,००,०००.०० | ०.०० | ० | ३,००,०००.०० |
| २११३२ महंगी भत्ता | १०,००,०००.०० | ४६,०००.०० | ४.५९ | ९,५४,०००.०० |
| २११३४ कर्मचारीको बैठक भत्ता | १३,००,०००.०० | १,९८,३००.०० | १५.२५ | ११,०१,७००.०० |
| २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ५,००,०००.०० | १०,१५०.०० | २.०२ | ४,८९,८५०.०० |
| २११३९ अन्य भत्ता | २०,२२,०००.०० | ०.०० | ० | २०,२२,०००.०० |
| २११४१ पदाधिकारी बैठक भत्ता | २५,१०,०००.०० | ०.०० | ० | २५,१०,०००.०० |
| २१२१९ अन्य सामाजिक सुरक्षा खर्च | ५,००,०००.०० | ०.०० | ० | ५,००,०००.०० |
| २२१११ पानी तथा बिजुली | २७,५०,०००.०० | ५३,२३९.०० | १.९४ | २६,९६,७६१.०० |
| २२११२ संचार महसुल | २१,७८,७६०.०० | ३,९२,६२७.५१ | १८.०२ | १७,८६,१३२.४९ |
| २२११३ सार्वजनिक उपयोगिताको सेवा खर्च | ३,००,०००.०० | ०.०० | ० | ३,००,०००.०० |
| २२२११ इन्धन (पदाधिकारी) | २४,००,०००.०० | ३,५०,५५२.०० | १४.६१ | २०,४९,४४८.०० |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | ६०,००,०००.०० | १५,४७,३५३.०० | २५.७९ | ४४,५२,६४७.०० |
| २२२१३ सवारी साधन मर्मत खर्च | ५,००,०००.०० | ६६,९००.०० | १३.३८ | ४,३३,१००.०० |
| २२२१४ बिमा तथा नवीकरण खर्च | ५४,००,०००.०० | ०.०० | ० | ५४,००,०००.०० |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ५८,००,०००.०० | ११,३३,६७९.०० | १९.५५ | ४६,६६,३२१.०० |
| २२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | १५,००,०००.०० | ०.०० | ० | १५,००,०००.०० |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | ६६,६०,०००.०० | ११,०९,८८०.०० | १६.६६ | ५५,५०,१२०.०० |
| २२३१३ पुस्तक तथा सामग्री खर्च | ५,००,०००.०० | ०.०० | ० | ५,००,०००.०० |
| २२३१४ इन्धन - अन्य प्रयोजन | ४३,००,०००.०० | ०.०० | ० | ४३,००,०००.०० |
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ३६,००,०००.०० | ८,५९,३४५.०० | २३.८७ | २७,४०,६५५.०० |
| २२३१९ अन्य कार्यालय संचालन खर्च | १,००,०००.०० | ०.०० | ० | १,००,०००.०० |
| २२४११ सेवा र परामर्श खर्च | ८,००,०००.०० | २,७०,७७६.०० | ३३.८५ | ५,२९,२२४.०० |
| २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | १०,००,०००.०० | ०.०० | ० | १०,००,०००.०० |
| २२४१३ करार सेवा शुल्क | २०,००,०००.०० | ६,०५,०७२.०० | ३०.२५ | १३,९४,९२८.०० |
| २२४१९ अन्य सेवा शुल्क | २,००,०००.०० | ०.०० | ० | २,००,०००.०० |
| २२५११ कर्मचारी तालिम खर्च | ७,००,०००.०० | ०.०० | ० | ७,००,०००.०० |
| २२५२२ कार्यक्रम खर्च | १०,५३,८३,५९९.०० | ९३,८६,९९३.०० | ८.९१ | ९,५९,९६,६०६.०० |
| २२५२९ विविध कार्यक्रम खर्च | २,२४,६२,०००.०० | ९,७६,२३९.०० | ४.३४ | २,१४,८५,७६१.०० |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | १३,००,०००.०० | ०.०० | ० | १३,००,०००.०० |
| २२६१२ भ्रमण खर्च | ४०,८९,०००.०० | ६,९५,६५०.०० | १७.०१ | ३३,९३,३५०.०० |
| २२६१९ अन्य भ्रमण खर्च | ११,००,०००.०० | २०,१००.०० | १.८३ | १०,७९,९००.०० |
| २२७११ विविध खर्च | ८२,९४,०००.०० | १३,१८,८८२.०० | १५.९ | ६९,७५,११८.०० |
| २५३११ शैक्षिक संस्थाहरूलाई सहायता | ३३,३२,०००.०० | ५,११,८४५.०० | १५.३६ | २८,२०,१५५.०० |
| २७१११ सामाजिक सुरक्षा | ५,००,०००.०० | ०.०० | ० | ५,००,०००.०० |
| २७२१३ औषधीखरिद खर्च | ८१,९९,०००.०० | ११,०९,९५०.०० | १३.५४ | ७०,८९,०५०.०० |
| २८१४२ घरभाडा | १२,००,०००.०० | १,००,०००.०० | ८.३३ | ११,००,०००.०० |
| २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | ५,००,०००.०० | ०.०० | ० | ५,००,०००.०० |
| २८२११ राजस्व फिर्ता | ९८,९३०.०० | ०.०० | ० | ९८,९३०.०० |
| पूंजीगत | १९,०६,६५,६८८.०० | ७६,६८,४३४.०० | ४.०१ | १८,२९,९७,२५४.०० |
| ३११११ आवासीय भवन निर्माण/खरिद | १२,००,०००.०० | ०.०० | ० | १२,००,०००.०० |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | १,२३,००,०००.०० | ०.०० | ० | १,२३,००,०००.०० |
| ३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च | ६७,००,०००.०० | ०.०० | ० | ६७,००,०००.०० |
| ३११२२ मेशिनरी तथा औजार | ७४,००,०००.०० | ०.०० | ० | ७४,००,०००.०० |
| ३११२३ फर्निचर तथा फिक्चर्स | ५,००,०००.०० | ०.०० | ० | ५,००,०००.०० |
| ३११३१ पशुधन तथा बागवानी विकास खर्च | ३०,००,०००.०० | ०.०० | ० | ३०,००,०००.०० |
| ३११३४ कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | ८,००,०००.०० | ०.०० | ० | ८,००,०००.०० |
| ३११३५ पूँजीगत परामर्श खर्च | ५३,१६,५०६.०० | २५,३८,९६६.०० | ४७.७६ | २७,७७,५४०.०० |
| ३११५१ सडक तथा पूल निर्माण | ७,९९,१५,०००.०० | ४९,९९९.०० | ०.०६ | ७,९८,६५,००१.०० |
| ३११५४ तटबन्ध तथा बाँधनिर्माण | ४,००,०००.०० | ०.०० | ० | ४,००,०००.०० |
| ३११५५ सिंचाई संरचना निर्माण | ८८,१०,०००.०० | ०.०० | ० | ८८,१०,०००.०० |
| ३११५६ खानेपानी संरचना निर्माण | ७९,००,०००.०० | ०.०० | ० | ७९,००,०००.०० |
| ३११५७ वन तथा वातावरण संरक्षण | ३,७०,०००.०० | १,६९,६८०.०० | ४५.८६ | २,००,३२०.०० |
| ३११५८ सरसफाई संरचना निर्माण | ७,००,०००.०० | ०.०० | ० | ७,००,०००.०० |
| ३११५९ अन्य सार्वजनिक निर्माण | ५,४२,५४,१८२.०० | ४९,०९,७८९.०० | ९.०५ | ४,९३,४४,३९३.०० |
| ३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च | ११,००,०००.०० | ०.०० | ० | ११,००,०००.०० |
| जम्मा | ६८,१०,९०,४०४.०० | ९,६३,९७,४७४.३२ | १४.१५ | ५८,४६,९२,९२९.६८ |

## कानून शाखा

- दर्ता भएको विवाद — ८ वटा
- गत आर्थिक वर्षबाट जिम्मेवारी सरि आएको विवाद — ४ वटा
- मेलमिलाप भएको विवाद — ३ वटा
- न्यायिक समितिको बैठक — १ वटा
- मस्यौदा गरेको कार्यविधि — ५ वटा
- व्यक्तिगत घटना दर्ता सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको

## स्वास्थ्य शाखा

- हरेक महिनाको पहिलो हप्ता सबै स्वास्थ्य संस्थाहरुको मासिक प्रगति समिक्षा कार्यक्रम गरियो।
- मिति २०८१।०४।०३ गते स्थानीय द्रुत प्रतिकार्य समिति (RRC) र स्थानीय द्रुत प्रतिकार्य टोली (RRT) सम्बन्धी अभिमुखिकरण कार्यक्रम गरियो।
- मिति २०८१।०४।१३ गते विश्व हेपाटाइटिस दिवश मनाएको
- मिति २०८१।०४।१७ देखि २३ गते स्तनपान सप्ताह मनाएको
- मिति २०८१।०४।१७ र १८ गते सबै स्वास्थ्य संस्थाहरुको तथ्याङ् विश्लेषण कार्यक्रम गरियो।
- मिति २०८१।०४।२२ गते सबै वडाहरुको स्वास्थ्य बीमा संयोजन समिति र बीमा सहजकर्तालाई अभिमुखिकरण गरियो।
- मिति २०८१।०४।२४ गते पूर्ण खोप पालिका घोषणा तथा दिगोपना सुनिश्चितता कार्यक्रम गरियो।
- मिति २०८१।०५।०६ र ०७ गते सबै स्वास्थ्य संस्थाहरुको बार्षिक प्रगति समिक्षा कार्यक्रम गरियो।
- मिति २०८१।०५।२८ गते सबै स्वास्थ्य संस्थाहरुको क्षयरोग सम्बन्धि बार्षिक प्रगति समिक्षा कार्यक्रम गरियो।
- मिति २०८१।०६।२४ गते मूलर्खक भिमसेनस्थानमा बडा दशै फुलपातीको दिन निशुल्क स्वास्थ्य सहायता कक्ष सञ्चालन गरियो।

## शिक्षा शाखा

१. यस भुम्लु गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा शिक्षक दरवन्दी र विद्यार्थी संख्या सम्बन्धी तथ्याङ्कगत विवरण २०८१

| क्र स | विद्यालयको नाम | IEMIS Code | शिक्षक विवरण | | | | | | | विद्यार्थी विवरण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | स्थायी | राहत | करार | संघिय अनुदान | पालिका श्रोत | निजी श्रोत | जम्मा | केटी | केटा | जम्मा |
| 1 | श्री वनदेवी माध्यमिक विद्यालय, भुम्लु ३, बेखसिम्ले | 240070003 | 3 | 2 | 10 | | 3 | | 18 | 59 | 49 | 108 |
| 2 | श्री भूसी दवीस्थान प्राथमिक विद्यालय, भुम्लु ३, बेखसिम्ले | 240070004 | 1 | | 3 | | | | 4 | 14 | 7 | 21 |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 3 | श्री हिले देवीस्थान प्राथमिक विद्यालय, भुम्लु ३, बेखसिम्ले | 240070005 | | | 2 | | | | 2 | 9 | 4 | 13 |
| 4 | श्री दुलालेश्वर माध्यमिक विद्यालय, भुम्लु ८, दोलालघाट | 240090004 | 12 | 3 | 5 | | 1 | 2 | 23 | 78 | 106 | 184 |
| 5 | श्री प्रकाश माध्यमिक विद्यालय, भुम्लु ८, भुम्लुटार | 240090005 | 15 | 2 | 7 | | 1 | | 25 | 125 | 83 | 166 |
| 6 | श्री सिँह देवी प्राथमिक विद्यालय, भुम्लु ८, बनदेउ | 240090006 | | 2 | 1 | | | | 3 | 16 | 10 | 26 |
| 7 | श्री महादेव प्राथमिक विद्याल, भुम्लु ४, चौवास | 240150001 | 1 | 1 | 3 | | | | 5 | 10 | 11 | 21 |
| 8 | श्री सेती देवी माध्यमिक विद्यालय, भुम्लु ४, चौवास | 240150004 | 3 | 5 | 10 | | 1 | | 19 | 60 | 65 | 125 |
| 9 | श्री सेती देवी माध्यमिक विद्यालय, भुम्लु ४, काभ्रे | 240150005 | 4 | 1 | 8 | | 1 | | 14 | 39 | 39 | 78 |
| 10 | श्री नवजागृति प्राथमिक विद्यालय, भुम्लु ४, कोड्का | 240150006 | | | 4 | | | | 4 | 7 | 10 | 17 |
| 11 | सौवर्ण आधारभुत विद्यालय , भुम्लु १०, खुम्बारी | 240260001 | 5 | 1 | 4 | | 2 | | 12 | 34 | 36 | 70 |
| 12 | श्री सरस्वती प्राथमिक विद्यालय, भुम्लु १०, नौली गाँउ | 240260002 | | 2 | 1 | | | | 3 | 5 | 4 | 9 |
| 13 | श्री पातालेश्वर प्राथमिक विद्यालय, भुम्लु ७, फलाँटे | 240270002 | 3 | | 1 | | 2 | | 6 | 14 | 16 | 30 |
| 14 | श्री शारदा माध्यमिक विद्यालय, भुम्लु ७, फँलाटें | 240270004 | 14 | 1 | 4 | | 1 | | 20 | 56 | 42 | 87 |
| 15 | श्री जन जागरण प्राथमिक विद्यालय, भुम्लु ९, ज्याम्दी | 240360003 | 1 | 1 | 3 | | | 1 | 6 | 18 | 19 | 37 |
| 16 | श्री चामुन्डा देवी प्राथमिक विद्यालय, भुम्लु ९, ज्याम्दी | 240360004 | 1 | | 1 | | 1 | | 3 | 7 | 7 | 14 |
| 17 | श्री गणेश प्राथमिक विद्यालय, भुम्लु ९, ज्याम्दी | 240360005 | 1 | | 2 | | | | 3 | 5 | 7 | 12 |
| 18 | श्री बाल चेतना प्राथमिक विद्यालय, भुम्लु ९, ज्याम्दी | 240360009 | 2 | 1 | 1 | | 1 | | 5 | 12 | 14 | 26 |
| 19 | सुनकोशी जनविकास प्राथमिक विद्यालय भुम्लु ६, कोलौंती | 240460001 | 2 | | 1 | | | | 3 | 4 | 5 | 9 |
| 20 | श्री जनता माध्यमिक विद्यालय, भुम्लु ६, कोलौंती | 240460003 | 5 | 3 | 9 | 1 | 6 | | 24 | 97 | 80 | 177 |
| 21 | श्री सरस्वती प्राथमिक विद्यालय, भुम्लु ६, कोलौंती | 240460004 | | 1 | 1 | | 2 | 1 | 5 | 7 | 8 | 15 |
| 22 | श्री सार्वजनिक आधारभुत विद्यालय, भुम्लु ५, सल्ले | 240740004 | 7 | 1 | 4 | | 3 | | 15 | 29 | 37 | 66 |
| 23 | श्री गणेश प्राथमिक विद्यालय, भुम्ल ५, भुम्लु | 240740005 | 1 | 1 | 1 | | | | 3 | 5 | 10 | 15 |
| 24 | श्री बाग्देवी माध्यमिक विद्यालय, भुम्लु ५, मुलावारी | 240740006 | 3 | 6 | 5 | | 1 | | 15 | 42 | 34 | 76 |
| 25 | श्री कौशिक वैदिक गुरुकुल विद्यालय, भुम्लु ६, कोलौंती | 240740008 | | | | | 1 | 3 | 4 | 0 | 13 | 13 |
| 26 | श्री गणेश प्राथमिक विद्यालय, भुम्लु १, सापिङ | 240780001 | 1 | 1 | 1 | | | | 3 | 3 | 6 | 9 |
| 27 | श्री सेतीदेवी आधारभूत विद्यालय, भुम्लु १, सापिङ | 240780002 | 6 | 2 | 1 | | 1 | | 10 | 22 | 24 | 46 |
| 28 | श्री गोल्मादेवी प्राथमिक विद्यालय, भुम्लु १, सापिङ | 240780003 | | | 2 | | | | 2 | 3 | 4 | 7 |
| 29 | श्री जनजागृती प्राथमिक विद्यालय, भुम्लु १, उर्लेनी | 240780004 | 1 | | 3 | | | | 4 | 8 | 7 | 15 |
| 30 | श्री कालिदेवी प्राथमिक विद्यालय , भुम्लु १, ठाडोकोड्का | 240780005 | 1 | | 2 | | | | 3 | 2 | 4 | 6 |
| 31 | श्री देवी प्राथमिक विद्यालय, भुम्लु १, कात्तिके | 240780006 | | 1 | 2 | | | | 3 | 3 | 7 | 10 |
| 32 | श्री सेती देवी माध्यमिक विद्यालय, भुम्लु १, रिट्ठे | 240780008 | 9 | 6 | 7 | | 4 | 2 | 28 | 79 | 82 | 151 |
| 33 | श्री नवज्योती प्राथमिक विद्यालय, भुम्लु १, सापिङ | 240780011 | 1 | 1 | 1 | | 1 | | 4 | 15 | 21 | 36 |
| 34 | श्री अरुणोदय माध्यमिक विद्यालय, भुम्लु २, सिम्थली | 240850001 | 2 | 6 | 4 | 1 | 5 | 5 | 23 | 84 | 80 | 149 |
| 35 | श्री सेतीदेवी आधारभुत विद्यालय , भुम्लु २, सिम्थली | 240850002 | 1 | 2 | 4 | 1 | | | 8 | 34 | 43 | 77 |
| 36 | श्री कालिदेवी प्राथमिक विद्यालय , भुम्लु २, सिम्थली | 240850003 | 3 | 1 | 3 | | | | 7 | 31 | 45 | 76 |
| 37 | श्री बालउन्नती प्राथमिक विद्यालय, भुम्लु २, सिम्थली | 240850004 | 1 | | 1 | | 1 | | 3 | 11 | 15 | 26 |
| | | | 110 | 54 | 122 | 3 | 39 | 14 | 342 | 1047 | 1041 | 2010 |

२. विद्यालय तहको प्रथम त्रैमासिक परीक्षा २०८१ श्रावण २७ गते देखि २०८१ भाद्र २ गते सम्म संचालन गरी सम्पन्न गरिएको।

३. सम्पूर्ण स्थायी शिक्षकहरुको कार्यसम्पादन मूल्याङ्कन फारमलाई सुपरिवेक्षण एवम् पुनरावलोकन गरी शिक्षा विकास तथा समन्वय इकाइमा पेश गरिएको ।

४. पालिका श्रोत शिक्षकहरुको कार्यसम्पादन मूल्याङ्कन गरी म्याद थप गरिएको ।

५. सम्पूर्ण विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको आ.व. २०८०/०८१ को सम्पती विवरण अभिलेखिकरण गरिएको र स्थायी शिक्षकहरुको सम्पत्ती विवरण राष्ट्रिय किताबखाना (शिक्षक), ताहाचल, काठमाडौंमा पेश गरिएको।

६. बालदिवसको अवसरमा माध्यमिक तह र आधारभूत तहको गाउँपालिका स्तरीय चित्रकला प्रतियोगिता संचालन गरिएको ।

७. विज्ञान दिवसको अवसरमा भुम्लु गाउँपालिका स्तरीय विज्ञान प्रदर्शनी प्रतियोगिता भब्य रुपमा सम्पन्न भएको ।

८. रिक्त रहेको दरबन्दीमा शिक्षक तथा कर्मचारी समयमा विज्ञापन गरी पदपुर्ती गरिएको ।

९. श्री प्रकाश माध्यमिक विद्यालय, भुम्लु ८, भुम्लुटार र श्री सेतीदेवी माध्यमिक विद्यालय, भुम्लु ४, याक्पामा पालिका श्रोतबाट बस चालकको व्यवस्थापन गरी विद्यालय बस संचालन गरिएको ।

१०. सम्पूर्ण स्थायी शिक्षकहरुको तलवी प्रतिवेदन प्रमाणित गरी सम्पूर्ण शिक्षक तथा कर्मचारीहरुको आर्थिक वर्ष २०८१।०८२ को श्रावण, भाद्र, असोज महिनाको तलब र चाडखर्च बापतको तपसिल बमोजिमको रकम निकासा दिइएको ।

| क्र.स | विद्यालयको नाम र ठेगाना | मा.वि. तलब | आ.भु. तलब | वि.क तलब | पालिका श्रोत | संघिय अनुदान | कर्मचारी थप | **जम्मा** |
|---|---|---|---|---|---|---|---|---|
| 1 | श्री प्रकाश माध्यमिक विद्यालय, भुम्लु ८, | 1909285.64 | 1826885.50 | 158000.00 | 197417.03 | | 96000.00 | **4187588.17** |
| 2 | श्री दुलालेश्वर माध्यमिक विद्यालय, भुम्लु ८, | 998196.10 | 1952427.00 | 139750.00 | 138920.00 | | 85750.00 | **3315043.10** |
| 3 | श्री शारदा माध्यमिक विद्यालय, भुम्लु ७, फँलाटें | 1547751.10 | 1615629.40 | 118000.00 | 219251.39 | | 84000.00 | **3584631.89** |
| 4 | श्री सेती देवी माध्यमिक विद्यालय, भुम्लु १, रिट्ठे | 991274.70 | 2218219.70 | 158000.00 | 329840.00 | | 104000.00 | **3801334.40** |
| 5 | श्री सेती देवी माध्यमिक विद्यालय, भुम्लु ४, काभ्रे | 564335.50 | 1085516.20 | 126000.00 | 138920.00 | | 72000.00 | **1986771.70** |
| 6 | श्री सेती देवी माध्यमिक विद्यालय, भुम्लु ४, | 317823.00 | 1598638.40 | 131000.00 | 159810.13 | | 94000.00 | **2301271.53** |
| 7 | श्री अरुणोदय माध्यमिक विद्यालय, भुम्लु २, | 180756.00 | 1201448.80 | 158000.00 | 750566.00 | 174756.0 | 104000.00 | **2569526.80** |
| 8 | श्री वनदेवी माध्यमिक विद्यालय, भुम्लु ३, | 246649.10 | 1031017.60 | 198000.00 | 357365.00 | | 124000.00 | **1957031.70** |
| 9 | श्री बाग्देवी माध्यमिक विद्यालय, भुम्लु ५, | 782656.30 | 1049787.10 | 86000.00 | 138920.00 | | 52000.00 | **2109363.40** |
| 10 | श्री जनता माध्यमिक विद्यालय, भुम्लु ६, कोलाँती | 201323.50 | 1396339.90 | 158000.00 | 811827.00 | 174756.0 | 104000.00 | **2846246.40** |
| 11 | श्री सार्वजनिक आधारभुत विद्यालय, भुम्लु ५, | | 1594914.20 | 64000.00 | 337840.00 | | 56000.00 | **2052754.20** |
| 12 | श्री सौवर्ण आधारभुत विद्यालय , भुम्लु १०, | | 1249861.40 | 72000.00 | 243110.00 | | 52000.00 | **1616971.40** |
| 13 | श्री सेतीदेवी आधारभूत विद्यालय, भुम्लु १, सापिङ | | 1246046.30 | 32000.00 | 138920.00 | | 32000.00 | **1448966.30** |
| 14 | श्री गणेश प्राथमिक विद्यालय, भुम्ल ५, भुम्लु | | 315189.20 | 32000.00 | | | 28000.00 | **375189.20** |
| 15 | श्री पातालेश्वर प्राथमिक विद्यालय, भुम्लु ७, | | 603368.50 | 32000.00 | 191608.00 | | 28000.00 | **854976.50** |
| 16 | श्री महादेव प्राथमिक विद्याल, भुम्लु ४, चौवास | | 443363.00 | 72000.00 | | | 48000.00 | **563363.00** |
| 17 | श्री जनजागृती प्राथमिक विद्यालय, भुम्लु १, | | 452797.20 | 32000.00 | | | 28000.00 | **512797.20** |
| 18 | श्री गणेश प्राथमिक विद्यालय, भुम्लु १, सापिङ | | 315189.20 | 32000.00 | | | 28000.00 | **375189.20** |
| 19 | श्री गोल्मादेवी प्राथमिक विद्यालय, भुम्लु १, | | 138208.00 | 32000.00 | | | 28000.00 | **198208.00** |
| 20 | श्री सिँह देवी प्राथमिक विद्यालय, भुम्लु ८, बनदेउ | | 275816.00 | 32000.00 | | | 28000.00 | **335816.00** |
| 21 | श्री नवजागृति प्राथमिक विद्यालय, भुम्लु ४, | | 275816.00 | 72000.00 | | | 48000.00 | **395816.00** |
| 22 | श्री देवी प्राथमिक विद्यालय, भुम्लु १, कार्त्तिके | | 138208.00 | 72000.00 | | | 48000.00 | **258208.00** |
| 23 | श्री कालिदेवी प्राथमिक विद्यालय , भुम्लु २, | | 787891.20 | 72000.00 | | | 48000.00 | **907891.20** |
| 24 | श्री कौशिक वैदिक गुरुकुल विद्यालय, भुम्लु ६, | | | | 138920.00 | | | **138920.00** |
| 25 | श्री सरस्वती प्राथमिक विद्यालय, भुम्लु १०, | | 275816.00 | 32000.00 | | | 28000.00 | **335816.00** |
| 26 | श्री जन जागरण प्राथमिक विद्यालय, भुम्लु ९, | | 429211.70 | 72000.00 | | | 48000.00 | **549211.70** |
| 27 | श्री बाल चेतना प्राथमिक विद्यालय, भुम्लु ९, | | 473302.00 | 32000.00 | 60000.00 | | 28000.00 | **593302.00** |
| 28 | श्री चामुन्डा देवी प्राथमिक विद्यालय, भुम्लु ९, | | 172864.10 | 32000.00 | 60000.00 | | 28000.00 | **292864.10** |
| 29 | श्री गणेश प्राथमिक विद्यालय, भुम्लु ९, ज्याम्दी | | 334582.20 | 32000.00 | | | 28000.00 | **394582.20** |
| 30 | सुनकोशी जनविकास प्राथमिक विद्यालय भुम्लु ६, | | 388369.00 | 32000.00 | | | 28000.00 | **448369.00** |
| 31 | श्री सरस्वती प्राथमिक विद्यालय, भुम्लु ६, कोलाँती | | 138208.00 | 32000.00 | 191608.00 | | 28000.00 | **389816.00** |
| 32 | श्री सेतीदेवी आधारभुत विद्यालय , भुम्लु २, | | 685977.00 | 72000.00 | | 69460.00 | 52000.00 | **879437.00** |
| 33 | श्री बालउन्नती प्राथमिक विद्यालय, भुम्लु २, | | 168147.00 | 32000.00 | 60000.00 | | 28000.00 | **288147.00** |
| 34 | श्री भूसी दवीस्थान प्राथमिक विद्यालय, भुम्लु ३, | | 177581.20 | 112000.00 | | | 68000.00 | **357581.20** |

| क.स | विद्यालयको नाम र ठेगाना | मा.वि. तलब | आ.भु. तलब | वि.क तलब | पालिका श्रोत | संघिय अनुदान | कर्मचारी थप | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| 35 | श्री हिले देवीस्थान प्राथमिक विद्यालय, भुम्लु ३, | | | 72600.00 | | | 48000.00 | **120600.00** |
| 36 | श्री नवज्योती प्राथमिक विद्यालय, भुम्लु १, सापिङ | | 334582.20 | 32000.00 | 60000.00 | | 28000.00 | **454582.20** |
| 37 | श्री कालिदेवी प्राथमिक विद्यालय , भुम्लु १, | | 334582.20 | 32000.00 | | | 28000.00 | **394582.20** |
| **जम्मा निकासा** | | **7740050.94** | **26725800.40** | **2695350.00** | **4724842.55** | **418972.00** | **1887750.00** | **44192765.89** |

११. दिवा खाजाको मागफारम तोकिएको समयमा बुझाउने विद्यालयहरुको तपसिल बमोजिमको शशर्त तर्फको कक्षा १ देखि ५ सम्मको १५ का दरले र पालिका श्रोत तर्फको कक्षा १ देखि ५ सम्मको १० का दरले र कक्षा ६ देखि १० सम्मको रु २५ का दरले हुन आउने रकम विद्यालयको खातामा निकासा गरीएको ।

| **विद्यालयको नाम** | **शशर्त तर्फको कक्षा १-५ १५ का दरले** | **पालिका श्रोत तर्फको कक्षा १-५ रु १० र ६-१० रु२५** | **जम्मा** |
|---|---|---|---|
| श्री प्रकाश माध्यमिक विद्यालय, भुम्लु ८, भुम्लुटार | **27750** | **123175** | **150925** |
| श्री दुलालेश्वर माध्यमिक विद्यालय, भुम्लु ८, दोलालघाट | **32535** | **110715** | **143250** |
| श्री शारदा माध्यमिक विद्यालय, भुम्लु ७, फँलाटेँ | **18705** | **59295** | **78000** |
| श्री सेती देवी माध्यमिक विद्यालय, भुम्लु १, रिट्ठे | **39510** | **91940** | **131450** |
| श्री सेती देवी माध्यमिक विद्यालय, भुम्लु ४, काभ्रे | **23490** | **56010** | **79500** |
| श्री सेती देवी माध्यमिक विद्यालय, भुम्लु ४, चौवास, याक्पा | **27330** | **102195** | **129525** |
| श्री वनदेवी माध्यमिक विद्यालय, भुम्लु ३, बेखसिम्ले | **32010** | **95140** | **127150** |
| श्री बाग्देवी माध्यमिक विद्यालय, भुम्लु ५, मुलावारी | **12990** | **35685** | **48675** |
| श्री जनता माध्यमिक विद्यालय, भुम्लु ६, कोलाँती | **66525** | **100725** | **167250** |
| श्री सौवर्ण आधारभुत विद्यालय , भुम्लु १०, खुम्बारी | **35400** | **54375** | **89775** |
| श्री सेतीदेवी आधारभूत विद्यालय, भुम्लु १, सापिङ | **14385** | **20890** | **35275** |
| श्री गणेश प्राथमिक विद्यालय, भुम्ल ५, भुम्लु | **9735** | **6490** | **16225** |
| श्री पातालेश्वर प्राथमिक विद्यालय, भुम्लु ७, फलाँटे | **17595** | **11730** | **29325** |
| श्री महादेव प्राथमिक विद्याल, भुम्लु ४, चौवास | **13170** | **8780** | **21950** |
| श्री जनजागृती प्राथमिक विद्यालय, भुम्लु १, उर्लेनी | **5925** | **3950** | **9875** |
| श्री गोल्मादेवी प्राथमिक विद्यालय, भुम्लु १, सापिङ | **3960** | **2640** | **6600** |
| श्री सिँह देवी प्राथमिक विद्यालय, भुम्लु ८, बनदेउ | **14520** | **9680** | **24200** |
| श्री नवजागृति प्राथमिक विद्यालय, भुम्लु ४, कोड्का | **10470** | **6980** | **17450** |
| श्री देवी प्राथमिक विद्यालय, भुम्लु १, कार्त्तिके | **4395** | **2930** | **7325** |
| श्री सरस्वती प्राथमिक विद्यालय, भुम्लु १०, नौली गाँउ | **3390** | **2260** | **5650** |
| श्री जन जागरण प्राथमिक विद्यालय, भुम्लु ९, ज्याम्दी | **25770** | **17180** | **42950** |
| श्री बाल चेतना प्राथमिक विद्यालय, भुम्लु ९, ज्याम्दी | **15270** | **10180** | **25450** |
| सुनकोशी जनविकास प्राथमिक विद्यालय भुम्लु ६, कोलाँती | **6750** | **4500** | **11250** |
| श्री सरस्वती प्राथमिक विद्यालय, भुम्लु ६, कोलाँती | **8685** | **5790** | **14475** |
| श्री बालउन्नती प्राथमिक विद्यालय, भुम्लु २, सिम्थली | **16050** | **10700** | **26750** |
| श्री नवज्योती प्राथमिक विद्यालय, भुम्लु १, सापिङ | **21570** | **14380** | **35950** |
| श्री कालिदेवी प्राथमिक विद्यालय , भुम्लु १, ठाडोकोड्का | **3960** | **2640** | **6600** |
| जम्मा | **511845** | **970955** | **1482800** |

१२. शिक्षा तर्फ विनियोजित बजेटको प्रगती विवरण

| क्र. सं. | ब.पु. पेज नं. | शिर्षक नं. | बजेट शिर्षक | विनियोजित रकम | निकासा रकम | प्रगती प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | ९० | ५७४ | माध्यमिक तहका स्वीकृत दरवन्दीका शिक्षक,राहत अनुदान शिक्षकका लागि तलबभत्ता अनुदान | २७००३००० | ७७४००५०.९४ | 28.66 |
| २ | ८९ | ५५९ | आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षक,राहत अनुदान शिक्षकका लागि तलबभत्ता अनुदान | १०१९३३००० | २६७२५८००.४ | 26.22 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | ९० | ५६६,५६७,५६८ | प्रारम्भिक बालविकास सहजकर्ताको पारीश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान | ९३०३००० | २६९५३५० | 28.97 |
| ४ | ८५, ८६ | ५१३, ५१४, ५१५, ५१६ | गाउँपालिका स्रोत शिक्षक व्यवस्थापन/तलब | १९१९३८२७ | ४६१०७२५.३९ | 24.02 |
| ५ | ८६ | ५१७,५१८,५१९ | विद्यालय कर्मचारी, बालविकास तथा कार्यालय सहयोगीहरुको थप तलब | ६४३५००० | १८८७७५० | 29.34 |
| ६ | ८६ | ५२० | विद्यालय बस संचालन तथा व्यवस्थापन | ११७०००० | ११४११७.१६ | 9.75 |
| ७ | ९० | ५७१,५७२,५७३ | माध्यमिक तह कक्षा ९ १० मा अंग्रेजी गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ५७८०००० | ३४९५१२ | 6.05 |
| ८ | ८९ | ५६०,५६१,५६२ | आधारभूत तह कक्षा ६ ८ मा अंग्रेजी गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ४६१००० | ६९४६० | 15.07 |
| ९ | १०० | ६५८,६५९, ६६० | तोकिएको विद्यार्थीको दिवा खाजाको लागी विद्यालयलाई अनुदान | 3332000 | 511845 | 15.36 |
| १० | ८७ | ५३२,५३३ | बालविकास देखि कक्षा १० सम्मका विद्यार्थीहरुलाई थप खाजा रकम | 6240000 | 970955 | 15.56 |
| ११ | ८८ | ५४२ | अतिरिक्त क्रियाकलाप संचालन | ५००००० | १४५२२० | 29.04 |
| १२ | ८७ | ५३७, ५३८ | परिक्षा संचालन तथा व्यवस्थापन | २०००००० | ७५२४३९.२२ | 37.62 |

**कृषि सेवा शाखा**

- पालिका स्तरीय रैथाने बालि अनुसंधान कार्यक्रम अन्तर्गत कागुनो तथा जुनेलो बालीको बाली कटानी तथा चुटानी सम्पन्न भएको
- कृषि सामाग्री कम्पनी लिमिटेड, धुलिखेल तथा साल्ट कर्पोरेशन लिमिटेड, बनेपा वाट तोकिएर आएको रासायनिक मलहरुको स्थानिय तहमा आपूर्ती तथा वितरण व्यवस्थापनको समितिको बैठक बसी कोटा निर्धारण गरिएको
- किसान सुचिकरण कार्यक्रमको गणक छनौट तथा तालिम दिई कार्यक्रम सुरु भएको
- तथ्याङ्क अध्यावधिक कार्यक्रम अन्तर्गत मकै बालिको सम्पुर्ण वडाहरुमा क्रप कटिङ्ग गरिएको
- खाद्यान्न बालीको उन्नत बिउमा मूल्य अनुदान कार्यक्रम अन्तर्गत गहुँ बालीको बिउ माग सुचना प्रकाशन भएको
- प्रदेश, स्थानिय तथा कृषकहरुको लागत साझेदारीमा किवि पकेट कार्यक्रम अन्तर्गत वडा नं ४ मा बैठक बसि उक्त फाईल कृषि विकास कार्यालयमा पठाउने कार्य अन्तिम चरनमा पुगेको
- जङ्गली बदेलले वडा नं १ सापिङ् अन्तर्गत ५ जना कृषकहरुको मकै वालीमा पुरायको क्षेतीको प्राविधिक मुल्याङ्कन गरी जिल्ला वन कार्यालय धुलिखेललाई सिफारिस गरि पठाएको

- मिति २०८१/०६/१०-१३ गतेको अविरल बर्षाको कारणले कृषीबालीमा पर्न गएको क्षेतीको अनुमानित मूल्याङ्कन गरी कृषि विकास कार्यालय धुलिखेललाई विवरण पठाएको
- कृषकको खेत बारीमा गई विभिन्न रोग, किरा तथा अन्य समस्याहरुको परामर्स सेवा प्रदान गरेको

**पशु सेवा शाखा**

| क्र.स. | क्रियाकलाप | एकाई | बार्षिक लक्ष्य | प्रगति | | खर्चको विवरण |
|---|---|---|---|---|---|---|
| | | | | *महिना* | *हालसम्मको* | |
| १. | पशुपन्छिहरुका लागि परजिवि नियन्त्रण कार्यक्रम | १ | गाउँपालिकाका सबै कृषकहरुलाई परजिवि विरुद्धको औषधी निःशुल्क वितरण गर्ने। | साउन — असोज सम्म | परजिवि विरुद्धको औषधी वडा नं. १-१० सम्ममा पुर्याई वितरण गरिएको। | रु.३ लाख ९६ हजार बरावरको पशुपन्छीको औषधी खरिद गरिएको |
| २. | दुध उत्पादन गर्नका लागि दुधालु भैसि ५० प्रतिशतमा अनुदान कार्यक्रम | १ | गाउँपालिकाको वडा नं. १, ९ र १० लाई दुधालु भैसि पकेट घोषणा अनुसार वडा मार्फत सुचना संकलन गरिएको। | साउन-कार्तिक सम्म मा | दुधालु भैसि खरिद गर्न न्यूनतम २-४ वेतको भैसि र ८-१० लि.प्रतिदिन दुध दिने भैसिको स्पेशिफिकेशन अनुसार E-Bid गरि सूचना प्रकाशन भएको। | रु.१ करोड २७ लाख ५० हजार बराबरको टेन्डर भएको |
| ३. | पशुपन्छिहरुका लागि आवश्यकीय औषधी | १ | गाउँपालिकाको वडा नं. १-१० सम्ममा निःशुल्क सेवा तथा औषधी वितरण गर्ने। | साउन — असोज सम्म | एक आर्थिक बर्षका लागि चाहिने पशुपन्छिहरुको आवश्यकीय औषधी खरिद गर्न E-Bid गरि सूचना प्रकाशन भएको | रु.१४ लाख ९९ हजार बराबरको टेन्डर भएको |
| ४. | ५० प्रतिशत अनुदानमा पशु विमा कार्यक्रम | १ | गाउँपालिकाको वडा नं. १ देखि १० सम्ममा ५० प्रतिशत अनुदानमा गाईभैसि बाख्रा प्रजनन् को वोका र बंगुरको बिमा गर्ने। | साउन-असोज सम्म | शिखर ईन्स्योरेन्स कम्पनी लि. बनेपा मार्फत पशु विमा नियमित भैरहेको। | पहिलो त्रैमासिकमा १ लाख खर्च भएको |
| ५. | अविरल बर्षाको कारण पशुपन्छीहरुमा परेको असर सम्वन्धि डाटा संकलन गरि सम्वन्धित निकायमा पेश गरेको | १ | प्रकोप विपत् | | गाईगोरु १२ वटा भैसि १ पाडापाडी २ वटा बाख्रा ७१ खसि १८ लोकल कुखुरा ३०२, हाँस २९,ब्रोईलर कुखुरा ४९० लेर्यस कुखुरा २०० खरायो ५ माउ बंगुर ५वटा वंगुरका पाठापाठी ६० वटा को पहिरोमा परि मृत्यु भएको। | अनुमानित क्षति रु. ३२ लाख ६८ हजार ५ सय |

**पञ्जिकरण शाखा**

## आ.व. २०८१।८२ को पहिलो त्रैमासिक प्रगति विवरण

१. पहिलो त्रैमासिक सामाजिक सुरक्षा भत्ता रकम रु. २,९४,८२,९९३/- EFT मार्फत वितरण भएको छ ।

२. ११ जना नयाँ अपङ्गता भएका व्यक्तिहरुलाई अपाङ्गता परिचयपत्र विरतण(क वर्ग ५, ख वर्ग ३, ग वर्ग १ र घ वर्ग २) गरिएको छ ।

३. २१७ जनाको नया घटना दर्ता भएको (जन्म दर्ता १०७, मृत्यु दर्ता ५२, सम्बन्ध विच्छेद ५, बसाई साराई गएको १२, बसाई सरि आएको ० र विवाह दर्ता ४१) छ ।

४. २८३० जनाको सामाजिक सुरक्षा भत्ता नविकरण दर्ता भएको छ ।

५. ६३ जनाको सामाजिक सुरक्षा भत्ता नयाँ दर्ता भएको छ ।

६. ८ जनाको सामाजिक सुरक्षा भत्ता लगत कट्टा गरिएको छ ।

**व्यक्तिगत घटना दर्ताको विवरण**

| क्र.स. | विवरण | महिला | पुरुष | जम्मा | आ.ब. ०८०/०८१ को तुलनामा घटी/बढी |
|---|---|---|---|---|---|
| १ | जन्म | ५० | ५७ | १०७ | ५५ घटी |
| २ | मृत्यु | २८ | २४ | ५२ | ५ घटी |
| ३ | विवाह | | | ६६ | २५ बढी |
| ४ | बसाइ सराई | | | १२ | ४ घटी |
| ४.१ | बसाई सरी आएका | | | ० | ४ घटी |
| ४.२ | बसाइ सरी गएका | | | १२ | ० |
| ५ | सम्बन्ध विच्छेद | | | ५ | ३ घटी |
| जम्मा | | | | २१७ | ९२ घटी |

**सामाजिक सुरक्षा कार्यक्रम अन्तरगत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको विवरण**

| क्र.स. | विवरण | महिला | पुरुष | जम्मा | त्रैमासिक रुपमा जम्मा वितरण भएको रकम |
|---|---|---|---|---|---|
| १ | जेष्ठ नागरीक | ९०३ | ९५२ | १८५५ | २२११२१४९ |
| | जेष्ठ नागरिक (दलित) | ५१ | ४२ | ९३ | ७३६८२० |
| | जेष्ठ नागरिक एकल महिला | २०३ | ० | २०३ | १६१७२८० |
| २ | एकल महिला (६० बर्ष नपुगेका विधवा महिला) | ३८९ | ० | ३८९ | ३०९०९२० |
| ३ | पूर्ण अपाङ्गता भत्ता (क वर्ग ) | ४० | ३३ | ७३ | ८५७८५० |

| | | | | | |
|---|---|---|---|---|---|
| | अति अशक्त अपाङ्गता भत्ता (ख वर्ग ) | ६५ | ६९ | १३४ | ८४१४११ |
| ४ | पोषण भत्ता पाउने बालवालिका | ७६ | ७० | १४६ | २२६५६३ |
| जम्मा | | १७२७ | ११६६ | २८९३ | २९४८२९९३ |

**योजना/प्रशासन शाखा/सूचना प्रविधि शाखा**

- भुम्लु गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयबाट पहिलो त्रैमासिक श्रावण,भाद्र, असोज र कार्तिक महिनामा गत आ.व. २०८०/८१ मा संचालन भएका योजना कार्यक्रम संचालनका लागि विभिन्न बैंकहरुमा उपभोक्ता समितिहरु नाममा खोलिएको बैंक खाताहरु खाता बन्दको लागि सिफारिस गर्ने कार्यहरु भएको।
- मिति २०८१/०६/१० -१२ गते सम्म परेको अविरल वर्षाको कारण बाट अरनिको राजमार्ग र गाउँपालिका भित्र रहेका वडा तथा वस्तिहरुमा जाने मोटर बाटोहरु अवरुद्ध भएकोले उक्त मोटर बाटोहरु संचालनका लागि प्राविधिकहरुले प्रत्यक्ष फिल्डमा अनुगमन गरि लागत इष्टिमेटको आधारमा अवरुद्ध सडक खोली नेपालीहरुको महान चाडपर्वको समयमा स्थानियहरुलाई यातायात एवम सामाग्री ढुवानीमा सहज भएको छ।
- मिति २०८१/०६/१० -१२ गते सम्म परेको अविरल वर्षाको कारण बाट भएको क्षति संकलन गर्न विषय गत शाखा प्रमुखको संयोजकत्वमा वडागत रुपमा पठाई मानविय क्षति, भौतिक क्षति, घर ,शौचालय, पशुपन्छिहरु क्षति,खोर गोठको क्षतिहरुको वर्गिकरण जोखिम उच्च जोखिम र आंशिक विवरण संकलन गरि सम्वन्धित ठाउँहरुमा पठाईएको।
- गत आ.व. मा संचालन भई कार्य सम्पन्न हुन नसकी म्याद थप भएका योजनाहरु मध्ये हाल यस आ.व. मा काम सम्पन्न भएका योजनाहरुको भुक्तानी समेत गरिएको।
- भुम्लु आधारभुत अस्पताल निर्माणाधिनमा रहेको र उक्त कामकाज छिटो सम्पन्न गर्न ठेकेदार संग बारम्वार ताकेता गरिएको।
- कार्यालय संचालन गर्नका लागि शाखाबाट खरिद गरिने दैनिक सामाग्रीहरुको E-bid मार्फत कार्यक्रम संचालन गरिएको छ।
- पाँच लाख भन्दा माथिका योजनाहरु E-bid मार्फत कार्यक्रम संचालन गरिएको छ।
- गाउँपालिकाको मुख्य सडक दोलालघाटमा नक्सा सहितको बोर्ड राखिएको मुलखर्क भिम्सेन थान जाने बोर्ड राखिएको।
- शाखाको माग बमोजिम कर्मचारी भर्ना कार्य भएको।
- अन्यः- शाखाबाट हुने दैनिक क्रियाकलापहरु भईरहेको र दैनिक कार्यका लागि शाखागत रुपमा समन्वय भईरहेको छ।

**पूर्वाधार विकास शाखा**

- भैसी प्रवर्धन कार्यक्रमको बोलपत्र आव्हान गरेको
- ५४ किलो देखि वडा कार्यालय सडक स्तरउन्नति वडा नं.१० को लागत अनुमान तयार गरी बोलपत्र आव्हान गरेको
- ५२ किलो देखि वडा कार्यालय सडक स्तरउन्नति वडा नं.९ को लागत अनुमान तयार गरी बोलपत्र आव्हान गरेको
- चौबास गुफा, सिम्थली र बेखसिम्ले जाने बाटो निर्माण, भुम्लु ३,४ को लागत अनुमान तयार गरी बोलपत्र आव्हान भई सम्झौताको चरणमा रहेको
- भुम्लुडाँडा भिमसेनथान जाने बाटो स्तरउन्नतिको लागत अनुमान तयार गरी बोलपत्र आव्हान भई सम्झौताको चरणमा रहेको
- चौरकुना खेल मैदानको लागत अनुमान तयार गरी बोलपत्र आव्हान
- काभ्रे जिल्ला भुम्लु गा.पा.०४ स्थित श्री सेतीदेवि मावि चौवास याक्पा सम्म सडक स्तरोन्नतिको लागत अनुमान तयार गरी बोलपत्र आव्हान गरी सम्झौताको चरम रहेको
- काभ्रे जिल्ला भुम्लु गा.पा.०९ चिसापानीटार-जुटेपानी सडक स्तरोन्नतिको लागत अनुमान तयार गरी बोलपत्र आव्हान गरेको
- जनता मावि भवन मर्मत तथा घेराबार कोलाँती वडा नं.०६ को लागत अनुमान तयार गरी बोलपत्र आव्हान भई सम्झौताको चरणमा रहेको
- ५० किलो धापागाउँ कोलाचौर सडक भुम्लु ०९ को लागत अनुमान तयार भई बोलपत्र आव्हान गरेको
- धारीखेत सडक भुमलु ०८ को लागत अनुमान तयार भई बोलपत्र आव्हान गरेको
- सल्ले दुदुगाउँ सडक ४ र ५ को लागत अनुमान तयार गरी बोलपत्र आव्हान गरेको
- बाधा बगर, आमथली र पाटी बगर, काफ्लेका गर्तिला र लामपाते, देउपाले बगर, डडुवा बगरको IEE प्रतिवेदन तयार गरेको
- बाधा बगर, आमथली, काफ्लेका गर्तिला र लामपाते, देउपाले बगर, डडुवा बगरको बोलपत्र आव्हान गरेको
- मसलन्द तथा कार्यालय सामाग्रीको शिलबन्दी दरभाउपत्र मार्फत बोलपत्र आव्हान गरेको
- भेटेरिनरी औषधीको शिलबन्दी दरभाउपत्र मार्फत बोलपत्र आव्हान गरेको
- कोलाँती आँपघाट सडक भुम्लु ०६ को बोलपत्र आव्हान गरेको

- औषधी खरिदको लागि बोलपत्र आव्हान गरेको
- मानेडाँडा घट्टेखोला सडक स्तरउन्नति योजनाको कार्य सम्पन्न भएको
- ठाडोखोला बन्चरे डाँडाको कार्य सम्पन्न भएको
- वडा नं. ०९ को बाटो सरसफाइको लागत, अनुमान अन्तिम मूल्याङ्कन गरेको
- वडा नं. १० को बाटो सरसफाइको लागत अनुमान तयार गरी कार्य पश्चात अन्तिम मूल्याङ्कन गरेको

**<u>सहकारी शाखा</u>**

- भुम्लु गाउँपालिकामा भएको सहकारीको अवस्था एकिन अध्यन भई अध्यावधिक तथा नविकरण गर्ने काम गरेको।

**<u>प्रधानमन्त्री रोजगार कार्यक्रम</u>**

- बेरोजगारको सूची दर्ताका लागि प्राप्त कूल निवेदन संख्या जम्मा – ६२३ (पुरुष -२७६ र महिला - ३४७)
- वडागत विवरण Gmail मार्फत सबै वडामा उपलब्ध गराएको
- कुल बजेट रु ४७,१०,००० तथा साझेदारी द्धारा कुल १६ वटा योजनाको छनोट तथा संञ्चालनको क्रममा रहेको
- वैदेशिक रोजगार बार्ड मार्फत प्रदान गर्ने श्रम स्वीकृती तथा पुन श्रम स्वीकृती लागी आवश्यक सहजिकरण गरेको
- वडा न ६ को मनी कुमार पहरीलाई साउदी अरबीयाका लागी पुन श्रम स्वीकृती पालिका बाटै उपलब्ध गराएको
- लघुउद्यम तथा सामीबाट सञ्चालित कार्यक्रमहरु संग आवश्यक समन्वय तथा सहजिकरण गरेको

**<u>सामी कार्यक्रम</u>**

- वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण सदुपयोगका लागि वित्तिय साक्षरता कक्षा संञ्चालन गर्न वडा नं ८ मा सहभागीहरुको आधारभुत सर्वेक्षण फारमभरी कक्षा संञ्चालनको क्रममा रहेको
- विभिन्न वडामा ११ जना व्यक्तिहरुलाई मनोसामाजिक परामर्श सेवा प्रदान गरेको

**<u>मेडपा शाखा</u>**

- संघीय सरकार र स्थानीय सरकारले छुट्टाएको बजेटलाई मेड्पा निर्देशिका २०७७ अनुसार कार्य विभाजन (ब्रेकडाउन) गरी स्वीकृत गरियो।
- यस गाउँपालिकामा सिर्जना भएका सम्पूर्ण उद्यमी समुहको बैठक बसी हाल भई रहेका कार्य, समस्या तथा समाधानका उपायहरुको बारेमा छलफल गरियो।
- मेड्पा कार्यक्रम अन्तर्गत ३ वर्ष भित्र बनेका स्तरोन्नति गर्न चाहने उद्यमीहरुको पहिचान गरियो।
- नयाँ उद्यमी सिर्जनाका लागि सबै वडामा उद्यमी बन्न चाहनेहरुका लागि वडामा आवेदन फारम पठाई आवेदन भर्न लगाइ भरिएका आवेदन फारम संकलन गरियो।